स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



तेलुगु फिल्म स्टार अल्लू अर्जुन कानुनी संकटमा परेका छन्। हैदराबादको नम्पल्ली अदालतले उनलाई अदालतमा व्यक्तिगत रुपमा पेश हुन आदेश जारी गरेको हो। यो कानुनी कारबाही सन् २०२४ को डिसेम्बर महिनामा उनको ब्लकबस्टर फिल्म "पुष्पा २: द रुल" को विशेष शोका दौरान भएको भगदौडसँग जोडिएको छ। प्रहरीले यस दुर्घटनाका सम्बन्धमा अदालतमा विस्तृत चार्जसिट दर्ता गरेको छ।

**आजको विचार...**



परीक्षामा... (दुई पेजमा)

प्रा. डा. निरञ्जन पराजुली

कीर्तिमानी फिल्म "पूर्ण बहादुरको सारङ्गी"का जोडी विजय बराल र अञ्जना बराइलीको मुख्य भूमिका रहेको फिल्म "सिन्दुरे जात्रा" आगामी मंसिर ४ गते (२० नोभेम्बर)बाट प्रदर्शनमा आउने भएको छ। निर्माताले थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मितिबारे जानकारी गराएका हुन्। उक्त मितिमा हरिबोधिनी एकादशी (तुलसी विवाह) परेको छ। गाउँमा छायांकनका क्रममा घोडाबाट लडेर विजयको दाहिने हात भाँचिएपछि यतिबेला फिल्मको छायांकन रोकिएको छ।



❒ वर्ष ३१ ❒ अंक ३२३ ❒ २०८३ असार ७ गते आइतबार 21 June 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### लेबनानमा इजरायली आक्रमण ५ को मृत्यु

(रासस/एएफपी)

**बेरुत,** असार ६/लेबनानको दक्षिणी क्षेत्रमा शनिबार भएको ताजा इजरायली आक्रमणमा पाँच जनाको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले जनाएको छ । इजरायल र इरान समर्थित हिज्बुल्लाहबीच एक दिनअघि मात्र नयाँ युद्धविराम घोषणा भए पनि आक्रमण भएको हो । राज्यद्वारा सञ्चालित राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार मध्यरातपछि र शनिबार बिहानसम्म दक्षिण लेबनानका नाबातीह क्षेत्रसहित एक दर्जनभन्दा बढी स्थानमा इजरायली हवाई आक्रमण भएको थियो । सो क्षेत्रमा तोपखानाबाट पनि गोलाबारी भएको जनाइएको छ । एनएनएले अरब सलिम शहरमा भएको हवाई आक्रमणमा तीन जनाको मृत्यु भएको, देइर जहरानीमा एक जना र द्वेइर शहरको प्रवेशद्वारमा ड्रोनले मोटरसाइकललाई लक्षित गर्दा थप एक जनाको मृत्यु भएको जनाएको छ । शुक्रबार मात्र लेबनानको स्वास्थ्य मन्त्रालयले दक्षिण र पूर्वी क्षेत्रमा भएका इजरायली आक्रमणमा ४७ जनाको मृत्यु भएको बताएको थियो । त्यसै दिन इजरायली सेनाले लेबनानमा १५० भन्दा बढी आक्रमण गरेको दाबी गरेको थियो । यसैबीच, अमेरिका र कतारी मध्यस्थकर्ताहरूको पहलमा इजरायल-हिज्बुल्लाहबीच तत्काल युद्धविराम भएको घोषणा गरिएको थियो ।

# तानसेनको नीति तथा कार्यक्रम : 'कृषि, पर्यटन र पूर्वाधारमा केन्द्रित'

कृष्ण पोखरेल

**पाल्पा,** असार ६/जिल्लाको तानसेन नगर सरकारले शनिबार नीति तथा कार्यक्रम ल्याएको छ । उसले नगर सभाको १९ औं अधिवेशनमार्फत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम ल्याएको हो । नगरसभा अध्यक्ष एवं नगर प्रमुख सन्तोषलाल श्रेष्ठले नीति तथा कार्यक्रम सभामा पेश गरेका हुन् ।

"हाम्रो तानसेन हामी बनाउँछौं" भन्ने अभियान सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्ने गरी नीति तथा कार्यक्रम ल्याइएको नगर प्रमुख श्रेष्ठले बताए । उनले पेश गरेको नीति तथा कार्यक्रम कृषि, पर्यटन, पूर्वाधार र युवा उद्यमशिलतामा केन्द्रित रहेको छ । नगर प्रमुख श्रेष्ठले समृद्ध सांस्कृतिक नगर तानसेनको परिकल्पनालाई साकार पार्न कृषि, पर्यटन, सम्पदा संरक्षण, स्थानीय आर्थिक विकास, सामाजिक समावेशीकरण र भौतिक पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याइएको बताए । उनले नीति तथा




कार्यक्रममा तानसेनलाई मासु, दूध, अण्डा र तरकारीमा आत्मनिर्भर भएको घोषणा गर्ने, दूध उत्पादक कृषकहरूलाई प्रोत्साहन गर्न प्रतिलिटर ३ रुपैयाँ अनुदान उपलब्ध गराइने र बाँझो जमिनलाई उत्पादनमूलक खेतीमा उपयोग गर्न प्रतिरोपनी ५ हजार रुपैयाँ अनुदान दिने नीतिलाई निरन्तरता दिने, वडा नं. ७ मा शीतभण्डार सञ्चालनमा ल्याइने तथा वडा नं. ५ को गोदाम घरमा अदुवा विउ भण्डारण गरेमा कृषकलाई प्रति केजी ५० रुपैयाँ अनुदान दिइने व्यवस्था गरिएको बताए । हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा "तानसेन आर्थिक विकास परियोजना" लाई प्रभावकारी रूपमा अगाडि बढाउने नीति तथा कार्यक्रममा उल्लेख छ । तानसेनको ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरू जस्तै श्रीनगर, गुफाचौर, पाल्पा दरबार क्षेत्र, रानीमहल, ऋषिकेश रुरु क्षेत्र तथा रणउजिरेश्वरी भगवती मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न आवश्यक पहल र समन्वय गरिने, पाल्पाको परम्परागत ऐतिहासिक जात्राहरू (बाघ जात्रा, भैरव जात्रा, गाईजात्रा, भीमसेन जात्रा आदि) को संरक्षण गर्दै नगरको मौलिक संस्कृति जोगाउन पुराना र मौलिक शैलीमा निर्माण हुने घरहरूलाई विशेष प्रोत्साहन दिइने नीति लिइएको छ । साथै, रुरु क्षेत्रमा अवस्थित प्रसिद्ध तीनमुखे पुलमा लाइटिङ र अन्य सौन्दर्यकरणका लागि बजेट सुनिश्चित गरिएको नगर प्रमुख श्रेष्ठले नगरसभामा जानकारी गराए । यस्तै प्रभास कमलपोखरी, सूर्यकुण्ड, अर्गली कुडापानी क्षेत्रत्रलाई ऐतिहासिक महत्व सँग जोडेर विशेष पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने, युवाहरूलाई उद्यमशीलता र दिगो रोजगारमा जोड्न इन्स्योर परियोजनासँगको सहकार्यमा कुक, प्लम्बिङ, इलेक्ट्रिसियन र कम्प्युटर हार्डवेयर/नेटवर्किङ जस्ता सीपमूलक तालिमहरू प्रदान गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । विद्यालयस्तरमा प्राविधिक शिक्षा र "पढ्दै कमाउँदै" कार्यक्रमलाई निरन्तरता दिइनेछ । -*बाँकी अन्तिम पेजमा...*

# कालीगण्डकीमा बेपत्ता दुई जनाकै शव भेटियो



**पाल्पा,** असार ६/कालीगण्डकी नदीमा पौडी खेल्ने क्रममा डुवेर बेपत्तना भएका दुई जनाकै शव भेटिएको छ । बिहीबार साझाँ नुहाउने क्रममा बगनासकाली गाउँपालिका ६ मन्द्राङ स्थित कालिगण्डकी नदीमा डुबेर बेपत्ता भएका शिखरडाडाँका १४ वर्षीय शिशिर गाहा र २४ वर्षीय पुजन गाहाको शव भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायक उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए ।

उनका अनुसार पौडी खेल्ने क्रममा दुवै जना डुबेर बेपत्ता भएका थिए । प्रहरी, सशस्त्र प्रहरीका साथै स्थानीयको सहयोगमा खोजी गर्ने क्रममा कालीगण्डकीकै तल्लो भागमा शव फेला परेको हो । शिशिरको सोही स्थानमा र पुजनको टिपुवाघाटमा शव फेला परेको प्रहरी नायक उपरीक्षक भट्टराईले बताए । नदीमा पानी धमिलो भएका कारण खोजीमा समस्या भएको थियो । यहाँ दैनिक जसो नदीमा डुवेर मानिसले ज्यान गुमाउने गरेका छन् । यसअघि नयाँ वर्ष मनाउन गएका बगनासकाली-७ दैलातुङका दुई युवाको समेत डुबेर मृत्यु भएको थियो । प्रहरीको तथ्याङ्कलाई हेर्ने हो भने पनि डुवेर धेरैले ज्यान गुमाएका छन् । अन्य घटनाहरुको तुनामा खोलामा डुवेर ज्यान गुमाउनेहरुको संख्या बढी नै छ ।

# नारायण युवा क्लबद्वारा नेतृत्व तथा क्षमता विकास तालिम सुरु

**पाल्पा,** असार ६/ जिल्लाको तानसेनमा रहेको नारायण युवा क्लवले तीन दिने नेतृत्व तथा क्षमता विकास तालिम तानसेनमा सञ्चालन गरेको छ । क्लवले शनिबार एक औपचारिक कार्यक्रम गरी तालिमको शुभारम्भ गरेको छ ।

तानसेन -२ वडा कार्यालयको सहयोगमा क्लवले वडा भित्रका महिला पुरुषहरुका लागि तालिम सञ्चालन गरेको हो । तालिमको जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले शुभारम्भ गरेका हुन् । तालिमको शुभारम्भ गर्दै उनले क्लबले समाजमा निरन्तर रचनात्मक तथा सकारात्मक गतिविधि सञ्चालन गर्दै आएको भन्दै प्रशंसा गरे । उनले क्लबले समाज र राजनीतिक क्षेत्रमा नेतृत्व विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरे । खनालले क्लबका संस्थापक अध्यक्ष एवं नेपाली कांग्रेस पाल्पाका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ तथा क्लबका पूर्व अध्यक्ष एवं तानसेन-२ का वडा अध्यक्ष महेश्वर श्रेष्ठजस्ता व्यक्तित्वहरू क्लबकै उत्पादन



भएको उल्लेख गर्दै युवाहरूको नेतृत्व विकासमा क्लबको भूमिका उल्लेखनीय रहेको बताए । तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा लागू गर्न आग्रह गर्दै उनले सहभागीहरूलाई प्रशिक्षार्थीका रूपमा आए पनि तालिमपछि प्रशिक्षक बन्ने लक्ष्यका साथ अघि बढ्न सुझाव दिए । कार्यक्रममा बोल्दै क्लबका संस्थापक अध्यक्ष तथा नेपाली कांग्रेस पाल्पाका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले असल नेतृत्व निर्माणका लागि नेतृत्व क्षमता र व्यक्तित्व विकास अपरिहार्य रहेको बताए । वर्तमान अवस्थामा समाज र राष्ट्रलाई सही दिशामा अघि बढाउन सक्षम र जिम्मेवार नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै उनले यस्ता तालिमले नेतृत्व निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । तानसेन-२ का वडा अध्यक्ष तथा क्लबका पूर्व अध्यक्ष महेश्वर श्रेष्ठले आगामी दिनमा पनि यस्ता रचनात्मक र जनमुखी कार्यक्रमहरूमा वडा कार्यालयको निरन्तर सहयोग रहने बताए । कार्यक्रममा तानसेन नगरपालिकाकी कार्यपालिका सदस्य सविता भट्टराई, नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख कौसल घिमिरे, क्लवका पूर्व अध्यक्ष प्रविन राज शाक्य लगायतले तालिम सफलताको शुभकामना व्यक्त गरेका थिए । तालिममा मुख्य प्रशिक्षक दिनेश खड्का, प्रशिक्षक विनोद भारतीले तीन दिनसम्म प्रशिक्षण दिने छन् । कार्यक्रम क्वका अध्यक्ष विनायक महर्जनको अध्यक्षता, सह सचिव विनोद भारतीको सञ्चालनमा भएको थियो । तालिममा ३० जना सहभागी रहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व योग दिवसको सान्दर्भिकता

विश्व योग दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुन २१ मा मनाइने यो दिवसले योगको महत्वलाई विश्वभर फैलाउने अवसर प्रदान गर्दछ । आधुनिक जीवनशैली, बढ्दो मानसिक तनाव, शारीरिक निष्क्रियता र विभिन्न जीवनशैलीजन्य रोगहरूको चुनौतीबीच योग आज केवल व्यायामको माध्यम मात्र नभई स्वस्थ, सन्तुलित र सकारात्मक जीवनको आधारका रूपमा स्थापित भएको छ । शरीर, मन र आत्माबीच सन्तुलन कायम गर्ने यसको मूल उद्देश्य आज पनि उत्तिकै सान्दर्भिक छ । सामान्यतया, आत्माको परमात्मासँगको जोड नै योग हो । साथै, यो एक किसिमको अनुभूति र रूपान्तरण हो । परापूर्वकालमा योगलाई अदृश्य शक्तिसँग जोडिने माध्यमका रूपमा लिइन्थ्यो । तर, समयक्रमसँगै योगको महत्व पनि परिवर्तन हुँदै आएको छ । योग विभिन्न किसिमका हुन्छन् । जसमध्ये याम, नियम, आसन, प्राणायाम, धारणा, ध्यान, समाधि र त्याग मुख्य हुन् । केही वर्षयता नेपालमा पनि योगको महत्व बढ्दै गएको छ । गाउँ–गाउँमा समेत योग शिविर सञ्चालन हुने गरेका छन् । बौद्धिक जमातले समेत योगलाई आत्मसात् गर्न थालेको पाइन्छ ।

विज्ञान र चिकित्साशास्त्रले समेत नियमित योग अभ्यासले मानसिक तनाव कम गर्ने, एकाग्रता बढाउने, रोग प्रतिरोधात्मक क्षमता सुदृढ गर्ने तथा समग्र स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने तथ्यलाई स्वीकार गरेका छन् । विश्व योग दिवस केवल औपचारिक कार्यक्रम वा सामूहिक आसन प्रदर्शनमा सीमित हुनु हुँदैन । यसको वास्तविक उद्देश्य योगलाई दैनिक जीवनशैलीको अभिन्न अंग बनाउनु हो । विशेषगरी डिजिटल युगमा लामो समयसम्म मोबाइल, कम्प्युटर तथा अन्य उपकरणको प्रयोगले बढाएको शारीरिक र मानसिक समस्याको समाधानमा योग प्रभावकारी माध्यम बन्न सक्छ । विद्यालय, विश्वविद्यालय, कार्यालय तथा समुदायस्तरमा योग संस्कृतिको विकास गर्नु आजको आवश्यकता हो । नेपालजस्ता प्राकृतिक, सांस्कृतिक र आध्यात्मिक सम्पदाले सम्पन्न देशका लागि योगको प्रवर्द्धन स्वास्थ्य र पर्यटन दुवै दृष्टिले महत्वपूर्ण छ । योगले व्यक्तिगत स्वास्थ्य सुधार्नुका साथै अनुशासन, सहिष्णुता र आत्मनियन्त्रणजस्ता मूल्यहरू विकास गर्न मद्दत गर्दछ, जसले स्वस्थ र जिम्मेवार समाज निर्माणमा योगदान पुर्‍याउँछ ।विश्व योग दिवसले हामीलाई स्वास्थ्यप्रति सचेत बन्न, तनावमुक्त जीवनशैली अपनाउन र आन्तरिक शान्तिको खोजी गर्न प्रेरित गर्दछ । त्यसैले योगलाई एक दिनको उत्सवमा सीमित नराखी दैनिक अभ्यासका रूपमा आत्मसात् गर्नु आजको समयको आवश्यकता हो । वर्तमान अवस्थामा योगको महत्व र सान्र्दभिकता झन बढेर गएको छ । प्राचीन समयमा हरेक रोगको उपचारमा योगको प्रयोग गरिए पनि आधुनिक चिकित्साको विकाससँगै योग ओझेलमा परेको थियो । तर, अहिले योगबाट पनि विभिन्न रोगको उपचार गर्न संभव छ भन्ने पुष्टि हुँदै गएपछि यसको महत्व बढ्दै गएको हो ।

### Opinion @ Social Network

सम्बन्धलाई कहिलै धनको नजरले नहेर्नु
दुखमा साथ दिनेहरुप्राय गरिब नै हुन्छन !
*(शान्ता सोमैको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Somai)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# परीक्षामा विद्यार्थी अनुत्तीर्ण हुँदा व्यक्ति असफल हुन्छ कि प्रणाली ?



प्रा. डा. निरञ्जन पराजुली

नेपालको उच्चशिक्षा आज गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ । एकातिर विद्यार्थीहरूको विदेश पलायन तीव्र गतिमा बढिरहेको छ भने अर्कोतिर विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर, अनुसन्धान पूर्वाधार र विद्यार्थीहरूले हासिल गरेको सीपमाथि प्रश्न उठिरहेको छ । विश्वविद्यालयहरूमा विद्यार्थी भर्ना घट्दो क्रममा छ, अनुसन्धान तथा नवप्रवर्तन अपेक्षित स्तरमा विकास हुन सकेको छैन, र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी विश्वविद्यालय निर्माण गर्ने लक्ष्य अझै टाढाको विषय बनेको छ । यस्तो अवस्थामा काठमाडौं विश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङले हालै सार्वजनिक गरेको नतिजाले नेपालको उच्चशिक्षाको वर्तमान अवस्था र भविष्यबारे नयाँ बहस आरम्भ गरेको छ । सूचना प्रविधि स्नातक (बीआईटी) प्रथम वर्षमा करिब ७४ प्रतिशत विद्यार्थी परीक्षामा अनुत्तीर्ण भएपछि सामाजिक सञ्जालदेखि शैक्षिक वृत्तसम्म एउटै प्रश्न उठ्न थालेको छ- विद्यार्थीहरू कमजोर भएका हुन् ? वा हाम्रो उच्चशिक्षा तथा परीक्षा प्रणाली नै समयानुकूल र प्रभावकारी हुन नसकेको हो ? सिभिल इन्जिनियरिङमा १२० जनामध्ये ६१ जना मात्र उत्तीर्ण हुनु र जियोमेटिक्स इन्जिनियरिङमा ६४ जनामध्ये २१ जना मात्र सफल हुनुजस्ता तथ्यहरूले पनि यही प्रश्नलाई थप गम्भीर बनाएका छन् । यदि अधिकांश विद्यार्थी अनुत्तीर्ण भइरहेका छन् भने त्यसलाई केवल 'विद्यार्थीहरूले पढेनन्' भनेर पन्छाउन मिल्दैन । यसरी ठुलो सङ्ख्यामा विद्यार्थी अनुत्तीर्ण भइरहेका छन् भने शिक्षण पद्धति र परीक्षा प्रणालीमाथि प्रश्न उठ्नु स्वाभाविक हो । स्मरणीय के छ भने काठमाडौं विश्वविद्यालयकै स्नातक तहको तेस्रो र चौथो वर्षमा प्राय: सबै उत्तीर्ण नै हुन्छन्, किनभने त्यहाँ सम्बन्धित विषय अध्यापन गर्ने शिक्षकले नै (अघोषित रूपमा) मूल्याङ्कन प्रक्रियाको मुख्य जिम्मेवारी वहन गरेको हुन्छ । वास्तवमा यो बहस केवल काठमाडौं विश्वविद्यालयसँग मात्र सीमित छैन । यो नेपालको समग्र उच्चशिक्षासँग जोडिएको साझा सरोकारको विषय हो । यस्तै प्रकृतिका समाचार त्रिभुवन विश्वविद्यालयलगायत अन्य विश्वविद्यालयहरूबाट पनि समय-समयमा सार्वजनिक हुँदै आएका छन् । तर विडम्बना के छ भने हरेक पटक बहसको केन्द्र विद्यार्थीहरूको क्षमता र मेहनत बन्ने गरेको छ, जबकि शिक्षण पद्धति र परीक्षा प्रणालीमाथि प्रश्न उठ्ने गरेको छैन । शैक्षिक अनुसन्धानहरूले परीक्षा प्रणालीले विद्यार्थीको वास्तविक सिकाइ, सीप र बुझाइको निष्पक्ष तथा प्रभावकारी मूल्याङ्कन गर्नुपर्नेमा जोड दिएका छन्, तर वर्तमान अभ्यास र प्राप्त नतिजाहरूले त्यो उद्देश्य पूरा गरिरहेको देखिँदैन । नेपालका अधिकांश विश्वविद्यालयहरूले सेमेस्टर प्रणाली अवलम्बन गरेका छन् । यसको मूल उद्देश्य निरन्तर सिकाइ, नियमित मूल्याङ्कन र विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्नु हो । तर व्यवहारमा हामी अझै वार्षिक परीक्षा प्रणालीकै मानसिकताबाट मुक्त हुन सकेका छैनौं । धेरै विश्वविद्यालयहरूमा २५ देखि ५० प्रतिशतसम्म आन्तरिक मूल्याङ्कन गरिए पनि अन्तिम निर्णय केन्द्रीकृत परीक्षाले नै गर्छ । पढाइ सेमेस्टर प्रणालीमा हुने, तर मूल्याङ्कनको केन्द्रबिन्दु केन्द्रीकृत परीक्षा नै रहने अवस्था विद्यमान छ । यसले विद्यार्थीलाई विषयवस्तु बुझ्नुभन्दा परीक्षा उत्तीर्ण हुनतर्फ खिचेको देखिन्छ । खासगरी पछिल्ला दुई दशकमा विश्वभरका विश्वविद्यालयहरूमा पावरपोइन्टमा आधारित शिक्षण पद्धति व्यापक रूपमा विस्तार भएको छ । यसले विषयवस्तु व्यवस्थित र छिटो रूपमा प्रस्तुत गर्न सहज बनाएको भए पनि विभिन्न शैक्षिक अध्ययनहरूले द्रुत प्रस्तुतीकरणले विद्यार्थीको गहिरो बुझाइ, आलोचनात्मक सोच तथा कक्षाकोठाभित्रको अन्तरक्रियालाई प्रोत्साहन नगर्ने देखाएका छन् । कक्षाकोठा सेमिनार हलजस्ता बनेका छन् । पावरपोइन्टबाट तीव्र गतिको सिकाइ विद्यार्थीले आत्मसात् गर्न सक्दैनन् । सिकाइ प्रक्रिया वास्तवमा विश्लेषण र ज्ञानलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास पनि हो । सम्भवत: यसै कारणले विश्वका अग्रणी विश्वविद्यालयहरू- एमआईटी, हार्वर्ड, स्ट्यानफोर्डलगायतका धेरै प्राध्यापकहरूले आज पनि स्नातक तहमा चकबोर्ड वा ह्वाइटबोर्डमा आधारित अन्तरक्रियात्मक शिक्षणलाई महत्त्व दिने गरेका छन् । निरन्तर मूल्याङ्कन, क्विज, प्रस्तुतीकरण, अनुसन्धानमूलक कार्य तथा शिक्षक-विद्यार्थी अन्तरक्रियालाई सेमेस्टर प्रणालीको आधार मानिन्छ । नेपालको उच्चशिक्षाको मूल समस्या केवल मूल्याङ्कन विधिमा सीमित छैनह समस्या परीक्षा प्रणालीकै संरचनामा छ । आज पनि अधिकांश विश्वविद्यालयहरूमा परीक्षा ज्ञानको पुनरुत्पादन मापन गर्ने माध्यमका रूपमा प्रयोग भइरहेको छ । विद्यार्थीले विषयवस्तु कति गहिरोसँग बुझे, विश्लेषण गर्न सके, नयाँ सोच विकास गर्न सके वा वास्तविक समस्या समाधान गर्न सके भन्ने पक्षको परीक्षण हुँदैन । फलस्वरूप परीक्षा सिकाइको साधनभन्दा प्रमाणपत्र प्राप्त गर्ने औपचारिक प्रक्रिया बन्न पुगेको छ । त्यसैले अब परीक्षा प्रणालीलाई घोकन्ते शिक्षाको सूचकबाट विश्लेषणात्मक सोच, सिर्जनशीलता, अनुसन्धान क्षमता तथा व्यावसायिक दक्षताको मूल्याङ्कन गर्ने माध्यममा रूपान्तरण गर्न आवश्यक छ । विश्वका अधिकांश विश्वविद्यालयहरूमा कुनै विषय पढाउने प्राध्यापकले नै पाठ्यक्रम कार्यान्वयन, असाइनमेन्ट तथा परियोजनाको मूल्याङ्कन, क्विज, मध्यावधि तथा अन्तिम परीक्षा सञ्चालन र अन्तिम ग्रेड निर्धारणको जिम्मेवारी वहन गर्छन् । परीक्षाफल प्रकाशनमा हुने ढिलासुस्तीको चर्चा गर्न आवश्यक छैनह यो समस्या सबैलाई परिचितै छ । नेपालको वर्तमान परीक्षाकेन्द्रित उच्चशिक्षा प्रणालीको ऐतिहासिक जरा ब्रिटिस औपनिवेशिक शिक्षा मोडेलसँग जोडिएको छ । भारतमा सन् १८५७ मा स्थापना भएका कलकत्ता, बम्बई र मद्रास विश्वविद्यालयहरू मूलत: परीक्षा सञ्चालन र प्रमाणपत्र वितरण गर्ने संस्थाका रूपमा स्थापित भएका थिए । शिक्षण कलेजहरूले गर्थे, तर परीक्षा र प्रमाणपत्र प्रदान गर्ने अधिकार विश्वविद्यालयसँग हुन्थ्यो । सीमित स्रोत र विशाल भूगोलको सन्दर्भमा त्यो मोडेल उपयुक्त थियो । तर कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि र विश्वव्यापी प्रतिस्पर्धाको वर्तमान युगमा पनि विश्वविद्यालयहरूले यही केन्द्रीकृत परीक्षा प्रणालीलाई निरन्तरता दिनु पुनर्विचारको विषय बनेको छ । विश्वका अग्रणी विश्वविद्यालयहरू हार्वर्ड, एमआईटी, स्ट्यानफोर्डलगायतमा विद्यार्थीको मूल्याङ्कन केवल अन्तिम परीक्षामा आधारित हुँदैन । कक्षा सहभागिता, असाइनमेन्ट, परियोजना, प्रस्तुतीकरण, विश्लेषण क्षमता, मध्यावधि परीक्षा तथा अन्तिम मूल्याङ्कनलाई समेटेर विद्यार्थीको समग्र सिकाइको मूल्याङ्कन गरिन्छ । विषय पढाउने प्राध्यापकले नै मूल्याङ्कन प्रक्रियाको नेतृत्व गर्ने भएकाले शिक्षण र मूल्याङ्कनबीच प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ, र विद्यार्थीको सिकाइप्रति जवाफदेहिता पनि स्पष्ट हुन्छ । अमेरिकी शैलीको सेमेस्टर प्रणालीको मुख्य विशेषता नै मूल्याङ्कनलाई परीक्षाकेन्द्रित नभई सिकाइकेन्द्रित बनाउनु हो । यस प्रणालीमा विद्यार्थीले कति तथ्य सम्झियो भन्नेभन्दा पनि उसले कति विश्लेषण गर्न सक्छ, कति सीप विकास गरेको छ, र ज्ञानलाई व्यवहारमा प्रयोग गर्न सक्छ कि सक्दैन भन्ने पक्षलाई बढी महत्त्व दिइन्छ । मूल्याङ्कनलाई सिकाइको अन्तिम परीक्षण होइन, सिकाइ प्रक्रियाकै अभिन्न अङ्कका रूपमा हेरिन्छ । उच्चशिक्षासम्बन्धी अनुसन्धानले पनि यही निष्कर्षलाई समर्थन गर्छ । जोन बिग्सद्वारा प्रतिपादित 'कन्स्ट्रक्टिभ अलाइनमेन्ट' सिद्धान्तले सिकाइका उद्देश्य, शिक्षण गतिविधि र मूल्याङ्कन विधिबीच स्पष्ट समन्वय हुनुपर्नेमा जोड दिएको छ । साडलरले प्रभावकारी मूल्याङ्कनका लागि स्पष्ट मापदण्ड र नियमित प्रतिपुष्टिको आवश्यकता औँल्याएका छन् । निकोल र म्याकफार्लेन-डिकले प्रतिपुष्टिलाई स्व-नियन्त्रित सिकाइको आधार मानेका छन् भने ह्याट्टी र टिम्परलीले सिकाइ सुधारमा प्रतिपुष्टिको निर्णायक भूमिका रहेको निष्कर्ष निकालेका छन् । यी सबै अध्ययनहरूले मूल्याङ्कनलाई केवल अङ्क दिने प्रक्रिया नभई सिकाइ सुधार गर्ने साधनका रूपमा हेर्नुपर्ने सन्देश दिन्छन् । विशेषगरी कृत्रिम बुद्धिमत्ता (एआई) को तीव्र विकासले परम्परागत परीक्षा प्रणालीका कमजोरीहरू झनै उजागर गर्दै लगेको छ । पढेको सम्झन सक्ने क्षमता मात्र मापन गर्ने परीक्षा अब पर्याप्त छैन । विश्वविद्यालयहरूले विश्लेषणात्मक सोच, सिर्जनशीलता, समस्या समाधान क्षमता, अनुसन्धान सीप तथा वास्तविक जीवनमा ज्ञान प्रयोग गर्ने क्षमताको मूल्याङ्कन गर्नुपर्ने आवश्यकता बढेको छ । त्यसका लागि परियोजनामूलक मूल्याङ्कन, प्रस्तुतीकरण, परीक्षा तथा 'अथेन्टिक एसेसमेन्ट' जस्ता विधिहरूलाई प्राथमिकता दिन आवश्यक छ । काठमाडौं विश्वविद्यालयको हालैको नतिजालाई केवल एउटा विश्वविद्यालय वा एउटा ब्याचका विद्यार्थीहरूको असफलताका रूपमा हेर्नु पर्याप्त हुँदैन । यो घटनालाई नेपालको उच्चशिक्षाभित्र विद्यमान संरचनागत कमजोरीहरूको सङ्केतका रूपमा बुझ्नुपर्छ । यदि अधिकांश विद्यार्थीहरूले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिरहेका छैनन् भने त्यसको जिम्मेवारी केवल विद्यार्थीमाथि थोपर्न मिल्दैन । यसले शिक्षण पद्धति, मूल्याङ्कन प्रणाली, शैक्षिक उत्तरदायित्व र संस्थागत सुधारका प्रश्नहरूलाई एकसाथ उठाउँछ । त्यसैले अहिलेको बहस व्यक्तिगत असफलताको होइन, प्रणालीगत सुधारको बहस हुनुपर्छ । यदि नेपालले प्रतिस्पर्धी विश्वविद्यालय निर्माण गर्न चाहन्छ भने सबैभन्दा पहिले परीक्षा तथा मूल्याङ्कन प्रणालीमा संरचनागत सुधार गर्नुपर्छ । सुधारको पहिलो कदम केन्द्रीकृत परीक्षा प्रणालीलाई क्रमश: सिकाइकेन्द्रित प्रणालीमा रूपान्तरण गर्नु हो । कुनै विषय पढाउने प्राध्यापकलाई त्यस विषयको सम्पूर्ण शैक्षिक जिम्मेवारी दिनुपर्छ । पाठ्यक्रम कार्यान्वयन, असाइनमेन्ट, परियोजना, क्विज, मध्यावधि मूल्याङ्कन, अन्तिम परीक्षा तथा ग्रेड निर्धारणको जिम्मेवारी सम्बन्धित प्राध्यापकसँग हुनुपर्छ । विश्वविद्यालयको भूमिका गुणस्तर सुनिश्चित गर्ने मापदण्ड निर्माण, बाह्य अनुगमन तथा शैक्षिक उत्तरदायित्वको संरचना विकासमा केन्द्रित हुनुपर्छ । यस दृष्टिले हेर्दा परम्परागत परीक्षा नियन्त्रण कार्यालयको विशाल संरचनामाथि समेत पुनर्विचार आवश्यक देखिन्छ । अबको बहस विद्यार्थी पास भए वा फेल भए भन्ने सीमित प्रश्नमा अडिनु हुँदैन । वास्तविक प्रश्न विद्यार्थीले वास्तवमा कति सिकिरहेका छन् र विश्वविद्यालयहरूले कस्ता स्नातक उत्पादन गरिरहेका छन् भन्ने हो । विश्वविद्यालयको सफलता केवल उत्तीर्ण प्रतिशतले होइनह सिकाइको गुणस्तर, आलोचनात्मक चिन्तन, अनुसन्धान क्षमता, व्यावसायिक दक्षता तथा समाजमा योगदान दिन सक्ने स्नातक उत्पादन गर्ने क्षमताले मापन गरिनुपर्छ । परीक्षाकेन्द्रित विश्वविद्यालय मोडेलबाट सिकाइकेन्द्रित विश्वविद्यालय मोडेलतर्फको रूपान्तरण नै नेपालको उच्चशिक्षा सुधारको सबैभन्दा महत्वपूर्ण एजेन्डा हो । अब परीक्षा सुधार केवल शैक्षिक बहसको विषय होइन, राष्ट्रिय आवश्यकता बनिसकेको छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सानातिना कुरामा वचन दिने बानीले अप्ठ्यारो परिस्थिति निम्त्याउन सक्छ। | **तुला** : कलाको क्षेत्रमा रुचि बढ्नेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। |
| **वृष** : आर्थिक समस्याले सताउनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोस्। | **वृश्चिक** : सरकारी नोकरीमा सफलता मिल्नेछ। शत्रुहरू पराजित हुनेछन्। |
| **मिथुन** : आयआर्जनका नयाँ स्रोतहरू फेलापर्नेछन्। मनमा अज्ञात भयले सताउनेछ। | **धनु** : मेहनत गर्नुपर्ने समय रहेको छ। सन्तानको प्रगति देखेर मन प्रसन्न रहला। |
| **कर्कट** : मानसिक तनावबाट मुक्ति मिल्नेछ।कुनै अपेक्षित कार्यले व्यस्त भइनेछ। | **मकर** : व्यापारमा कार्य गर्दा सतर्क र हनुहोला। खानपिनमा ध्यान दिनुहोस। |
| **सिंह** : दीर्घकालीन महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। सबैतिरबाट सद्भाव प्राप्त हुनेछ। | **कुम्भ** : आँटेको कार्यसम्पादन गर्न सकिनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। व्यवसायमा पारदर्शिता राख्नुहोस्। | **मीन** : संचित धनमा वृद्धि हुनेछ। बोलिको माध्यमले कार्य सिध्द गर्न सकिनेछ। |

# कृषि

## बाँदर आतङ्कका कारण खाद्यबालीको विकल्प रोज्दै किसान



बागलुङका किसानले बाँदर आतङ्कका कारण परम्परागत खेती गर्न छाडेका छन् । बसाइँसराइका कारण गाउँघर सुनसान हुँदै गएपछि बाँदर आतङ्क बढेको हो । खेतबारीमा लगाएको मकै, गहुँ, कोदो, फापरलगायत फलफूल नष्ट गरिदिएपछि बाँदरले नष्ट नगर्ने खेती गर्न थालेका हुन् । किसानले खाद्यबालीको विकल्पमा अकबरे खुर्सानीको खेती गर्न थालेका छन् । जिल्लाको काठेखोला गाउँपालिका-८ का किसान प्रेमप्रसाद कँडेलले मकै पाउन थालेदेखि बाँदरले नष्ट गर्न सुरु गर्ने भन्दै अहिले मकै नलगाएर अकबरे खुसानी लगाउन थालेको बताए । अकबरे बाँदरले नष्ट गर्न नसक्ने उनको भनाइ छ । पहिलो पटक अकबरेखेती गर्न थालेको भन्दै अकबरेको बजार राम्रो भएको उनको भनाइ छ । कँडेलले भने, 'हामी त हैरानै भयौँ, बाँदरले बारीको मात्रै होइन घरको बार्दलीमै आएर अन्नबाली नष्ट गरिदिन्छ, अहिले त्यही भएर खाद्यबाली लगाउने ठाउँमा अकबरे लगाएको छु, अब गहुँ मकै लगाएर त भिर्त्याउन नदिने भयो, बाँदर मार्न पाँदैन भन्छन्, बाँदरले हामीलाई त दिनु दुःख दिएको छ, केही विकल्प त खोज्नै पर्‍यो ।' बागलुङ नगरपालिका-११ रायडाँडामा पनि बाँदरले सताएपछि किसानले अकबरे र अदुवाखेती गर्न थालेको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताए । उनका अनुसार गाउँको विभिन्न स्थानमा यस वर्ष ४० हजार अकबरेका बिरुवा रोपिएको छ । बाँदरका कारण किसान ठूलो मर्कामा परेको भन्दै यसको नियन्त्रणका लागि योजना बनाइ रहेको उनले बताए । 'बाँदरले धेरै दुःख दिएपछि यस वर्ष अकबरेखेती गर्न सुरुआत गरेका छौँ, किसानले बारीमा अकबरे लगाएका छन्, यो परीक्षण पनि हो', अध्यक्ष गौतमले भने, 'राम्रो भयो भने आगामी वर्षदेखि वडाभरी अकबरे लगाउँछौँ, यस खेतीले किसानलाई केही राहत दिन्छ कि भन्ने अपेक्षा लिएका छौँ ।' खाद्यबाली बाँदरले नष्ट गरेपछि तरकारीखेतीतर्फ लागेको स्थानीय तमबहादुर थापाले बताए । तरकारी बाँकी नराख्ने हुँदा यसपाली अकबरे लगाएको उनको भनाइ छ । सरकारले बाँदर नियन्त्रण गर्न नीति नलिए किसानले राम्रो उत्पादन गर्न नसक्ने थापा बताउँछन् । यस वर्ष रायडाँडामा पहिलो चरणमा यहाँका ७५ जना किसान अकबरे खुर्सानी उत्पादनमा लागेका छन् । चालिस हजारको बीउ ल्याएर ४० हजार बिरुवा उत्पादन गरिएको । यो योजना सफल भएमा बाँदरको आतङ्क भएका अन्य गाउँमा पनि अकबरेखेती गर्न सकिनेछ ।

*-रासस*

## ताराकुमारीले फलाइन् हिमाली भेगमा अङ्गुर



म्याग्दी 'धान फल्ने खेतमा सुन्तला र अङ्गुर लगाएर के हुन्छ ?' भन्ने प्रश्न र आलोचनालाई चुनौती दिँदै पर्वतको जलजला गाउँपालिका-८ लुप्राङकी ताराकुमारी रेग्मीले उच्च पहाडी क्षेत्रमा अङ्गुरखेतीको सफल परीक्षण गरेकी छन् । अहिले उनको बगैँचाले राम्रो उत्पादन दिन थालेको छ भने वार्षिक लाखौं रुपैयाँ आम्दानीको स्रोत बनेको छ । समुद्री सतहदेखि करिब एक हजार आठ सय मिटर उचाइमा रहेको लुप्राङस्थित श्रीहरी कृषि तथा पशुपन्छी फार्ममा चार वर्षअघि भारतबाट ल्याइएका अङ्गुरका बिरुवाले उत्पादन दिन थालेका हुन् । प्लास्टिक टनेलभित्र लगाइएका दुई ओटा बोटबाटै गत वर्ष ३५ हजार रुपैयाँ बराबरको अङ्गुर बिक्री भएको ताराकुमारी बताउँछिन् । "प्रतिकिलो चार सय ५० देखि पाँच सय रुपैयाँमा घरबाटै बिक्री भयो," उनले भनिन्, "यस वर्ष दाना धेरै लागेकाले उत्पादन अझ बढ्ने अपेक्षा छ ।" अङ्गुर सफल भएपछि यसलाई व्यावसायिक रूपमा विस्तार गर्ने योजना बनाएकी रेग्मीले कृषि प्राविधिकसँगको परामर्शमा खेती विस्तार गर्ने तयारी गरेकी छन् । दुई छोरालाई पढाउन पाँच वर्ष बागलुङ बजारमा बसेकी उनी छोराहरू उच्च शिक्षाका लागि काठमाडौं गएपछि गाउँ फर्किइन् । त्यसपछि परम्परागत खेतीलाई परिवर्तन गर्दै सुन्तला, कागती, अङ्गुर, गोलभेडा र तरकारी खेतीसँगै बाख्रापालनलाई व्यावसायिक रूपमा अघि बढाइन् । धान फल्ने खेतमा सुन्तलाका बिरुवा रोप्दा आफन्त र छिमेकीले असफल हुने भन्दै निरुत्साहित गरेको उनी सम्झन्छिन् । तर अहिले उनको बगैँचामा सात सय ५० भन्दा बढी सुन्तला र कागतीका बोट छन् । गत वर्ष मात्र उनले सुन्तला बिक्रीबाट चार लाख ८० हजार रुपैयाँ आम्दानी गरेकी थिइन् । अहिले उनको फार्मबाट वार्षिक १० देखि १२ लाख रुपैयाँसम्म बचत हुने गरेको छ । उनको सफलताले प्रेरित भएर लुप्राङका धेरै किसानले पनि धान, मकै र कोदोको सट्टा सुन्तला तथा नगदे बाली खेती गर्न थालेका छन् । रेग्मीलाई विभिन्न सरकारी कार्यक्रममार्फत प्राविधिक सहयोग, तालिम, पूर्वाधार निर्माण र उद्यमशीलता विकासमा सहयोग प्राप्त भएको छ । तर खेती विस्तारमा सडक र वन्यजन्तुको समस्या भने चुनौतीका रूपमा रहेको छ । नाग्लिवाङ-लुप्राङ सडक स्तरोन्नति नहुँदा उत्पादन बजारसम्म पुर्‍याउन कठिन हुने गरेको उनको गुनासो छ । बाँदरको आतंक र हालै परेको असिनाले पनि बालीमा क्षति पुर्‍याएको छ । ताराकुमारी रेग्मीको कथा पहाडी कृषिको बदलिँदो स्वरूपको उदाहरण बनेको छ। आलोचनालाई अवसरमा बदल्दै उनले परम्परागत खेतीको विकल्प खोजेकी मात्र छैनन्, गाउँमै बसेर मेहनत, सीप र नयाँ सोचका माध्यमबाट आत्मनिर्भर बन्न सकिने सन्देश पनि दिएकी छन् ।

*-हाम्रा कुरा डटकम*

## कृषि उत्पादनमा जोडिँदै महिला सहकारी



महिलाहरूबाट सञ्चालित कृषि तथा बहुउद्देश्यीय सहकारीका प्रतिनिधिहरूले आज राजधानीको एक कार्यक्रममा 'लगानी' खोज्दै उत्पादनबारे व्याख्या गरे । 'अब सहकारी बचत र ऋणमा मात्रै अल्झेर बस्दैन' भन्दै उनीहरूले उत्पादनसँग जोडिन चाहेको बताए । त्यसका लागि लगानी गरिदिन उनीहरूले लगानीकर्तालाई आग्रहसमेत गरे । ललितपुरमा आयोजित 'सिड्स अफ चेन्ज' बहु-सरोकारवाला संवाद कार्यक्रममा सहकारीका नेतृत्वमा रहेका महिलाहरू बलियो रूपमा प्रस्तुत भए । सो अवसरमा सात वटा महिला सहकारीका व्यवस्थापक तथा अध्यक्षहरूले नेपालका प्रतिष्ठित बैंक, वित्तीय संस्था र निर्यातकर्ताहरूसामु आ-आफ्नो व्यावसायिक योजना प्रस्तुत गर्दै साढे १२ करोड रुपैयाँ बराबरको लगानी साझेदारीका लागि 'डिल' गरे । नेपालका ग्रामीण क्षेत्रमा स-साना बचत र पारस्परिक सहयोगका लागि स्थापना भए पनि महिला सहकारीहरू अहिले आन्तरिक पुँजी परिचालनको साँघुरो दायरा तोड्दै व्यावसायिक उत्पादनमा जोडिने अभियानमा लागेको उनीहरूको दाबी थियो । विगतमा ठुला व्यावसायिक घरानाहरूले मात्र गर्ने भनिएको 'इन्भेस्टमेन्ट डिल' मा अहिले ग्रामीण क्षेत्रका महिला सहकारीका सञ्चालकहरू प्रस्तुत भएका हुन् ।

**लगानी माग गर्ने सहकारीको अवस्था कस्तो छ ?**

लगानीको टेबुलमा प्रस्तावसहित बस्न सक्ने गरी यी सहकारीहरूले विगत केही वर्षमै आफूलाई वित्तीय रूपमा निकै मजबुत बनाइसकेको देखिन्छ । उत्पादन बढाउन भन्दै लगानीका लागि काठमाडौँ आएको दाङको लमही-२ केरुनियास्थित समुन्नति सामाजिक उद्यमी महिला सहकारी संस्थाको वित्तीय अवस्था कुनै विकास बैंकको भन्दा कम छैन । ८१० जना सदस्य आबद्ध यस सहकारीको वासलात आकार १९ करोड २० लाख रुपैयाँ नाघेको छ भने कुल निक्षेप १६ करोड ६२ लाख र कर्जा लगानी १३ करोड ३० लाख रुपैयाँ पुगिसकेको छ । लमहीकै निलकमल सामाजिक उद्यमी महिला सहकारी संस्थामा १४५८ जना सदस्य आबद्ध छन्, जसको वासलात आकार ८ करोड १० लाख रुपैयाँ र निक्षेप ४ करोड ९५ लाख रुपैयाँ छ । गण्डकी प्रदेशको नवलपुरस्थित सकलादेवी सामाजिक उद्यमी महिला सहकारीको वासलात ७ करोड ४९ लाख रुपैयाँ र कुल निक्षेप ३ करोड ७१ लाख रुपैयाँ रहँदा कास्कीको माछापुच्छ्रेस्थित प्रतिभा सामाजिक उद्यमी महिला सहकारीको वासलात ५ करोड ९९ लाख रुपैयाँ र कुल निक्षेप २ करोड ३० लाख रुपैयाँ पुगेको छ । यसैगरी, मधेस प्रदेशको सर्लाहीस्थित हरिपुर सामाजिक उद्यमी महिला सहकारीको वासलात ७ करोड १९ लाख रुपैयाँ र कुल निक्षेप २ करोड ८० लाख रुपैयाँ छ । बागमती प्रदेशको सिन्धुलीस्थित कमलामाई सामाजिक उद्यमी महिला सहकारीको वासलात १ करोड ९३ लाख रुपैयाँ र पाल्पाको गल्धा सामाजिक उद्यमी महिला सहकारीको वासलात ४ करोड ७५ लाख रुपैयाँ पुगेको छ । उनीहरूले आफ्नो वित्तीय अवस्था देखाउँदै ग्रामीण महिलाहरूले सामान्य बचतमात्रै नगरी करोडौँको वित्तीय अवस्था बनाएकाले अब उत्पादनमा जोडिन आएको बताएका थिए ।

**पारदर्शीताको दाबी**

यी सहकारीहरूले वित्तीय रूपमा सक्षम भएकै कारण आफूहरू लगानी पाउन पूर्ण रूपमा योग्य भएको बलियो तर्क लगानीकर्तासामु राखेका छन् । सहकारीका नेतृत्वकर्ताहरूका अनुसार उनीहरूमाथि लगानी गर्नुको सबैभन्दा ठुलो आधार १०० प्रतिशत महिला प्रतिनिधित्व भएको सञ्चालक समिति र पूर्ण पारदर्शी संस्थागत सुशासन हो । यी सहकारीले नियमित रूपमा बाह्रय लेखापरीक्षण (एक्सटर्नल अडिट) गराउँदै आएका छन् । उनीहरूका अनुसार सहकारी संस्थाहरूसँग आवद्ध सीमान्तकृत किसानहरूको विशाल सञ्जाल र उनीहरूको उत्पादन क्षमता नै लगानीका लागि योग्य र पर्याप्त आधार हुन् । सहकारीहरूले लगानीकर्ताहरूसँग पुँजीमात्र मागेका छैनन्, बरु अदुवा, बेसार, सिमी र टिमुरजस्ता निर्यातयोग्य उपज र दुग्धजन्य पदार्थको उत्पादन बढाउने निश्चित योजना देखाएका थिए । कृषि मन्त्रालयका सूचना अधिकारी डा. मणिरत्न अर्यालले उत्पादनमा जोडिन खोज्ने सहकारीहरूलाई लगानी गर्न सरकार पनि तयार रहेको बताएका थिए । उनले यस्ता सहकारीहरूलाई सरकारले सहुलियत ऋण, अनुदान जस्ता कुराहरू कार्यविधि अनुसार दिन सकिने बताएका थिए । ठुला बैंक तथा वित्तीय संस्थाबाहेक आफूलाई लगानी गर्न आग्रह गर्दै आएका सहकारीहरूसँग उत्पादित सामग्री खरिद गर्ने निर्यातकर्ता कम्पनी 'एक्विस्टा नेपाल'ले ९ करोड रुपैयाँ बराबरको अग्रिम खरिद सम्झौता गरिसकेको छ । यस्तै हेफर इन्टरनेशनल नेपालले आगामी एक वर्षसम्म यी सहकारीहरूलाई प्राविधिक सहयोग, व्यवसाय व्यवस्थापन र अनुगमनमा 'कोचिङ' गर्ने जिम्मा लिएको छ । बैंक तथा व्यावसायिक क्षेत्रसँग ७ वटा सहकारीले फरक फरक रकम गरी करिब १२ करोड लगानी मागेका थिए । यसमा सहकारीको योजनाप्रति सकारात्मक रहेको भन्दै उक्त रकम बराबरको डिल गर्न वित्तीय संस्थाहरू तयार देखिएका थिए । उनीहरूले सहकारीहरूलाई लगानी गर्न तयार रहेको बताए पनि कुन सहकारीलाई कुन वित्तीय संस्थाबाट कति रकम लगानी सहयोग गर्ने भन्नेबारे खुलाएनन् । 'कागजात र प्रस्तुतिको आधारमा डिल'मा सकारात्मक भएका छन् । अब फिल्ड पनि हेरेर सहकारीहरूले लगानी पाउँछन्,' कार्यक्रमका सहजीकरण गरेका हेफर इन्टरनेशनलका प्रतिनिधि प्रविण गुरुङले बताए । कार्यक्रममा ग्लोबल आइएमई बैंक, साना किसान विकास लघुवित्त वित्तीय संस्था र आरएसडीसी लघुवित्त वित्तीय संस्था लगायतले लगानीमा चासो देखाएका हुन् । 'प्रत्यक्ष सञ्चालनको ढाँचा अध्ययन गरी लगानी गर्ने प्रतिबद्धता जनाएका छन्,' गुरुङले भने । निजी क्षेत्रका व्यावसायिक निर्यातकर्ताहरू र विशेषगरी कृषि उद्यममा लगानी गर्ने प्रभाव लगानीकर्ताहरूले पनि यसमा चासो देखाएका छन् । गुरुङका अनुसार लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरूले र निजी क्षेत्र पनि सहकारीहरूलाई प्रत्यक्ष रूपमा ठुलो परिमाणको 'थोक कर्जा', 'व्यवसाय प्रवर्द्धन कर्जा' उपलब्ध गराउनेछन् । लगानीको सुरक्षाका लागि त्रिपक्षीय सम्झौताको मोडल अपनाइने उनले बताए । जसमा बैंकले सहकारीलाई कर्जा दिनेछ । सहकारीका किसानले उत्पादन गर्नेछन् र निर्यातकर्ता कम्पनीले सोझै खरिद गरी भुक्तानी बैंक वा सहकारीको खातामार्फत फर्स्यौट गर्नेछ ।

*-रातोपाटी डटकम*

## किसानलाई अनुदानमा मौरी घार वितरण



दमौली तनहुँ जिल्ला कृषि विकास कार्यालय तनहुँले आँबुखैरेनी गाउँपालिका-२ स्थित खोलागाउँका किसानलाई अनुदान सहयोगमा मौरीघार वितरण गरेको छ । किसानको आयआर्जन वृद्धि गर्दै मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा ५० थान मौरीघार वितरण गरिएको केन्द्रले जनाएको छ । कार्यालयको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमअन्तर्गत उक्त सहयोग प्रदान गरिएको हो । कृषि उद्यम विकास कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, जलवायु मैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम तथा निर्यातजन्य बाली प्रवर्द्धन कार्यक्रममार्फत रोदी खोला किसान समूहमा आबद्धलाई मौरीका घार हस्तान्तरण गरिएको कार्यालयका सूचना अधिकारी किरण परियारले जानकारी दिए । जिल्ला कृषि विकास कार्यालय तनहुँका प्रमुख पर्शुराम अधिकारीले मौरीपालनलाई आयमूलक व्यवसायका रूपमा विकास गर्न कार्यालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनले अनुदानमा वितरण गरिएका मौरीका घारको उचित प्रयोग गरी व्यवसाय विस्तार गर्न कृषकलाई आग्रह गरे । "मौरीपालन ग्रामीण क्षेत्रका कृषकका लागि राम्रो सम्भावना बोकेको व्यवसाय हो", उनले भने, "यसबाट उत्पादित महको बजार माग उच्च रहेकाले कृषकले अतिरिक्त आम्दानी लिनसक्ने अवस्था छ । मौरीपालनले मह उत्पादन मात्र होइन, कृषिबालीको परागसेचनमा महत्वपूर्ण योगदान पुर्‍याउँछ", उनले भने, "यसले कृषकको आम्दानी वृद्धि गर्नुका साथै कृषि उत्पादन बढाउन पनि सहयोग पुग्छ ।"

*-रासस*

# आज विश्व योग दिवस मनाइँदै




**पाल्पा,** असार ६/आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम आयोजना गरी विश्व योग दिवस मनाइँदै छ । प्रत्येक वर्ष जुन २१ तारिखका दिन मनाइने यो दिवस यस वर्ष पनि योगको महत्वबारे जनचेतना फैलाउने उद्देश्यका साथ मनाउन लागिएको हो ।

संयुक्त राष्ट्र संघको महासभाले सन् २०१४ मा गरेको निर्णयअनुसार सन् २०१५ जुन २१ देखि यो दिवस मनाउन थालिएको पाइन्छ । भारतीय प्रधानमन्त्री नरेन्द्रदामोदरदास मोदीले संयुक्त राष्ट्र संघको ६९औँ महासभामा योग सबैका लागि सधैँका लागि आवश्यक भएकाले अन्तर्राष्ट्रिय योग दिवसको घोषणा गर्न प्रस्ताव गरेका थिए । सो प्रस्तावमा नेपालका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले पहिलो समर्थन गरेपछि युरोपियन युनियनलगायत संयुक्त राष्ट्र संघका स्थायी सदस्य राष्ट्रले समर्थन गरेका थिए । संघले घोषणा गरेका दिवसमध्ये ९० दिनमा १७७ देशले समर्थन गर्ने कीर्तिमान योग दिवसले कायम गरेको छ । सन् २०१६ देखि २१ जुनमा अन्तर्राष्ट्रिय योग दिवस विश्वभर मनाइएको थियो । नेपालमा विसं २०३६ माघ १ गतेदेखि सूर्य उत्तरायण लाग्ने दिनको अवसर पारेर योग दिवस मनाउन थालिएको थियो । वैदिककालमा हिमालयको काखमा ऋषिमुनिले अध्ययन अनुसन्धान गरी प्रतिपादन गरेको योग नेपालमै लुप्त प्राय: बनेको थियो । यही क्षेत्रबाट पुन:जागरण गर्न दिवस घोषणा गरी जनचेतना जगाउने काम सुरु भएको हो । प्राचीनकालमा योग, ध्यान र आयुर्वेदका माध्यमबाट मानसिक शान्ति एवं स्थिरता र आरोग्यता प्राप्ति हुन्थ्यो । आधुनिक युगको प्रभावमा यसलाई चटक्क बिर्सिएका नेपाली युरोप र अमेरिकामा उपचार र सुख शान्तिका लागि बढी प्रयोगमा आउन थालेपछि योगतिर आकर्षित हुन थालेका हुन् । योगले शारीरिक, मानसिक तथा भावनात्मक स्वास्थ्यलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसको अभ्यासलाई प्रोत्साहन गर्न दिवस मनाइँदै आएको छ । नेपालमा पनि सरकारी निकाय, शैक्षिक संस्था, योग केन्द्र तथा विभिन्न सामाजिक संघसंस्थाले योग अभ्यास, सचेतनामूलक कार्यक्रम तथा अन्तरक्रिया आयोजना गरेका छन् । स्वास्थ्य विज्ञहरूका अनुसार नियमित योग अभ्यासले तनाव व्यवस्थापन, शारीरिक लचकता वृद्धि, मानसिक एकाग्रता तथा समग्र स्वास्थ्य सुधारमा सहयोग पुऱ्याउँछ । उनीहरूले स्वस्थ जीवनशैली अपनाउन योगलाई दैनिक जीवनको अभिन्न अंग बनाउन आग्रह गरेका छन् ।

## खेलकुद समाचार

### हैटीलाई ३ गोलले हराउँदै ब्राजिल समूह शीर्ष स्थानमा



**काठमाडौं**, असार ६/फिफा विश्वकप फुटबलमा ब्राजिलले हैटीलाई ३ गोलले हराएको छ । ब्राजिलले खेलको पहिलो हाफमा नै तीन गोल गऱ्यो। दोस्रो हाफमा थप गोल हुन सकेन । ब्राजिलका म्याथेस कुन्हाले खेलको २३ औं मिनेटमा र ३६ मिनेटमा गरी दुई गोल गरे । तेस्रो गोल पहिलो हाफको अतिरिक्त समयमा भिनिसियस जुनियरले गरे । पिँडुलाका चोटका कारण ब्राजिलका स्टार फरवार्ड नेयमारले शनिबार कोको खेल पनि खेलेनन् । पाँच पटकको विश्वकप विजेता ब्राजिलले यो विश्वकपको पहिलो खेलमा मोरक्कोसँग १-१ गोलको बराबरी खेलेको थियो । हैटीलाई हराएसँगै समूह 'सी'को शीर्ष स्थानमा पुगेको ब्राजिलको दुई खेलमा ४ अंक भएको छ । विश्वकप फुटबलमा अहिले बिहान पौने ९ बजे टर्कीए र पाराग्वेले खेल्दैछन् । त्यस्तै आज राति नेपाली समयअनुसार पौने ११ बजे नेदरल्यान्डस् र स्वीडेनबीच खेल हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

### २२ लाख नगदसहित क्रिप्टो मुद्रा कारोबार गर्ने दुई जना पक्राउ



**काठमाडौं,** असार ६ / प्रहरीले काठमाडौंबाट स्रोत नखुलेको रु २२ लाख नगदसहित क्रिप्टो मुद्रा कारोबार गर्ने दुई जनालाई पक्राउ गरेको छ । पक्राउपर्नेमा नुवाकोट, म्यगङ गाउँपालिका-५ घर भई हाल काठमाडौँ बूढानीलकण्ठ नगरपालिका-६ बस्ने अन्दाजी ४७ वर्षीय तारालाल विश्वकर्मा तथा पर्वत, मोदी गाउँपालिका-७ घर भई हाल काठमाडौं महानगरपालिका-१६ बस्ने ५० वर्षीय होमबहादुर केसी रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए ।

उनले भने, "काठमाडौं महानगरपालिका-२ लाजिम्पाटस्थित रहेको बारमा अभौतिक मुद्राको कारोबार भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।" उक्त स्थानबाट निज तारालाल विश्वकर्माले साथमा बोकेको झोलाभित्र लुकाइछिपाइ राखेका अवस्थामा स्रोत नखुलेको नेपाली नगद रु २२ लाख, अमेरिकी डलर ४० र दस्तखत गरेको तर रकम उल्लेख नगरेको चेकहरू चार थान बरामद गरिएको प्रहरीले जनाएको छ । यसैगरी, निज तारालाल विश्वकर्माले प्रयोग गर्ने गरेको मोबाइलमा रहेको वाइनान्समा करिब २००० युएसडिटी बराबरको क्रिप्टो मुद्राको कारोबार देखिएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूलाई आज काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिइ थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए ।- *रासस*

# बुवाको सम्मानमा अन्तर्राष्ट्रिय दिवस मनाइँदै



**पाल्पा,** असार ६/अन्तर्राष्ट्रिय बुवा दिवस आज विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुन महिनाको तेस्रो आइतबार विश्व समुदायले बुवाको सम्मानमा यो दिवस मनाउने गर्दछ ।

यो दिवस बुवाप्रति सम्मान, कृतज्ञता र प्रेम व्यक्त गर्ने अवसरका रूपमा लिइन्छ । बुवा परिवारका अभिभावक मात्र नभई सन्तानको शिक्षा, संस्कार, सुरक्षा र भविष्य निर्माणका महत्वपूर्ण आधारस्तम्भ मानिन्छन् । बदलिँदो सामाजिक परिवेशमा बुवाको भूमिका झन् व्यापक बन्दै गएको छ । सन्तानको पालनपोषणदेखि भावनात्मक सहयोग र मार्गदर्शनसम्म बुवाको सक्रिय सहभागिता आवश्यक रहेको विज्ञहरू बताउँछन् । यस अवसरमा विभिन्न सामाजिक संस्था, विद्यालय तथा समुदायले बुवाको योगदानको सम्मान गर्दै विशेष कार्यक्रम आयोजना गरेका छन् । सामाजिक सञ्जालमा पनि धेरैले आफ्ना बुवासँगका तस्बिर र स्मरणहरू साझा गर्दै शुभकामना व्यक्त गरिरहेका छन् । आजको दिनमा पिता जीवित हुनेले मीठामीठा पक्वान्न तयार पारी खुवाउने, न्याना उपयोगी कपडाद्वारा सम्मान गर्ने, बुवाको मुख दर्शन गर्ने र प्रणाम गर्ने चलन रहेको छ भने पिताको देहावसान भइसकेकाहरूले चाहिँ पितृ मुक्तिको कामना गर्दै पितृ तर्पण वा दानदक्षिणा गर्ने गर्दछन् । परापूर्व कालदेखि नै मातृ देवो भव, पितृ देवो भव भन्ने नारालाई आत्मसाथ गर्दै आमा र बुवाको मुख हेर्ने दिनमा स्नेहपूर्वक रूपमा मनाउने सनातन दर्शनमा आमा र बुवालाई भगवान् सरह मान्यता दिइएको नै छ । चाहे जुनसुकै धर्म, दर्शन, संस्कार या जनावरहरू नै किन नहुन ? आमा बुवालाई पुज्ने चलन छ । यस क्रममा भारतमा बेलायती शासकहरूको शासन सुरुवात पछिका दिनमा नै जुन महिनाको तेस्रो आइतबार बुवाप्रति समर्पण गर्ने दिन मनाउने चलन स्थापना गरिएको थियो । क्रमश: यसै चलनलाई बेलायतीहरूले आफ्नो देशमा पनि थालनी गरिदिए र आज विश्वभर नै जुन महिनाको तेस्रो आइतबार अन्तर्राष्ट्रिय बुवा दिवस मनाउने चलन स्थापना भएको हो । जो बुवा आमा भन्दा टाढा छन् । जसले वर्षौंसम्म पनि आमा बुवा भेट्न पाउँदैनन्, उनीहरुका लागि यो दिवस महत्वपूर्ण रहन्छ । तर वर्षमा एक दुई पटक बुवा आमाप्रति सद्भाव र माया दर्शाएर पुग्दैन । जन्म र कर्म दिने बुवा आमालाई वर्षमा एक/दुई दिन सम्झिएर हुँदैन । अझ अहिले त वर्षभरी वास्ता नगर्ने जब आमा, बुवाको मुख हेर्ने र दिवस आउँछन् तब सामाजिक सञ्जालका भित्ताहरूमा बुवा आमाका तस्वीरहरु सजाएर राख्ने प्रवृत्तिको विकास भएको छ जुन गलत हो । हिजोआज बढ्दो पश्चिमीकरण र तिनका मूल्य-मान्यता अँगाल्ने होडमा धेरै बुवाआमाहरू अवहेलनामा परिरहेका छन् । आफू सक्षम नबनुञ्जेल काखमा लुटपुटिने र सक्षम बनिसकेपछि तिनै आमालाई साहारा विहीन बनाउने सन्तानहरू अहिले बढिरहेका छन् ।

# तानसेनको नीति तथा...

...स्वास्थ्य क्षेत्रतर्फ "म स्वस्थ, मेरो समुदाय स्वस्थ" अभियान अन्तर्गत टोलस्तरमा स्वास्थ्य प्रवर्द्धन र नसर्ने रोगसम्बन्धी स्क्रिनिङ कार्यक्रम गरिनेछ । पूर्ण खोपयुक्त र कुपोषणमुक्त पालिका बनाउनुका साथै एचआईभी सङ्क्रमितहरूलाई मासिक ५०० रुपैयाँ औषधि उपचार सहायता दिइनेछ । प्रत्येक वडामा हरित पार्क र खुला व्यायामशाला निर्माण गरी "स्वस्थ नागरिक, स्वस्थ नगर" नीति अवलम्बन गरिने नगर प्रमुख श्रेष्ठले नीति तथा कार्यक्रममा उल्लेख गरेका छन । प्रस्तुत नीति तथा कार्यक्रममा भौतिक पूर्वाधारतर्फ आगामी आर्थिक वर्षभित्र वनदेवी बसपार्क निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । घर नक्सा पास प्रणालीलाई आधुनिक र वैज्ञानिक बनाउन 'इलेक्ट्रोनिक बिल्डिङ पर्मिट सिस्टम' लागू गरिनेछ । "जहाँ मार्किङ, त्यहाँ पार्किङ" अवधारणा लागू गर्दै बजार सौन्दर्यकरण गरिनेछ । 'एक घर एक धारा' कार्यक्रम मार्फत स्वच्छ खानेपानी पुऱ्याइनेछ भने फोहरमैला व्यवस्थापनका लागि ल्यान्डफिल साइट र डम्पिङ साइटको सुधार गरिनेछ । करदाता शिक्षा र विद्युतीय राजस्व सङ्कलन प्रणालीलाई अनिवार्य गर्दै डिजिटल भुक्तानीलाई प्रोत्साहन गरिनेछ । सुशासनतर्फ "जनताको घरदैलोमा मेयर" सञ्चार कार्यक्रम र बेरुजु फछ्र्यौट प्रणालीलाई प्रभावकारी बनाइने नगर प्रमुख श्रेष्ठले बताए । नगर प्रमुख श्रेष्ठले यो नीति तथा कार्यक्रम सफल पार्न नेपाल सरकार, प्रदेश सरकार, आन्तरिक स्रोत तथा एसिया फाउन्डेसन, युनिसेफ, यूएनडीपी जस्ता दातृ निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिने बताए । सभाका सदस्यहरु दिल बहादुर थापा, कमल दर्लामी, राधिका थापा, यम बहादुर कार्की, करण बहादुर रेश्मी, माधव बस्याल र सिता बस्नेतले प्रस्तुत नीति तथा कार्यक्रममा आ-आफ्नो क्षेत्रका नसमेटिका विषयबस्तुहरुको उठान गरेका थिए । नगरसभाका अध्यक्ष समेत रहेका श्रेष्ठले नगरसभा सदस्यहरुले उठाएका विषयबस्तुहरु कार्यपालिकामा छलफल गरी समावेश गर्ने प्रतिवद्धता जनाए ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## कृषि ज्ञान केन्द्र पाल्पाको अनुरोध

- बिषादी प्रयोग गर्नु पूर्व प्राविधिकको अनिवार्य सल्लाह लिनुहोस् ।
- तालिम प्राप्त र ईजाजतपत्र प्राप्त विषादी खुद्रा बिक्रेताहरूबाट मात्र विषादी खरिद गर्नुहोस् ।
- विषादी खरिद गर्दा पंजिकृत, सुरक्षित र प्रभावकारी विषादी छान्नुहोस् ।
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं ।
- कृषि अनुदानको सही सदुपयोग गरौं ।
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसँग सल्लाह सुझाब लिऔं ।
- कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

**कृषि ज्ञान केन्द्र पाल्पा**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई